# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

मितिः २०७५/०५/१५

**इ.प्रा.परिपत्र संख्या : ५/२०७५-७६**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ।

**१. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १९/२०७४ को बुँदा (२) लाई देहाय बमोजिम संशोधन/परिमार्जन गरिएको छ।**

(२) परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटन र निर्यात उद्योग र हस्पिटलहरूलाई परिवर्त्य विदेशी मुद्रामा निम्न शर्तको अधिनमा रही ऋण प्रदान गर्न सकिनेछ :

(क) यो सुविधा सम्बन्धित पर्यटन र निर्यात उद्योग र हस्पिटलहरूको लागि आवश्यक हुने आयातको भुक्तानीको लागि मात्र प्रयोग गर्न पाइने छ।

(ख) यस्तो ऋण रकमको साँवा/व्याज सम्बन्धित पर्यटन र निर्यात उद्योग र हस्पिटलले आफ्नो खातामा रहेको परिवर्त्य विदेशी मुद्रा मध्येबाट भुक्तानी गर्नुपर्ने छ।

(ग) यस प्रयोजनको लागि बैंकहरूले विदेशी बैंकबाट विद्यमान व्यवस्था बमोजिम ऋण लिएको रकमबाट समेत ऋण सुविधा दिन पाउने छन्। साथै, विदेशी मुद्रा आवश्यक परेको खण्डमा यस बैंकले प्रचलित विनिमय दरमा आवश्यक विदेशी मुद्रा बिक्री गर्नेछ।

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ